धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३४ ◆ २०८३ असार ६ गते शनिबार, Saturday, June 20, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## नेपाल राष्ट्र बैंकद्धारा तलब भत्तासम्बन्धी मार्गदर्शन जारी

काठमाडौं । नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधासम्बन्धी मार्गदर्शन २०८३ जारी गरेको छ ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेलले बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधासम्बन्धी मार्गदर्शन २०८३ शुक्रबार जारी गरिएको बताउनुभयो । सो मार्गदर्शनमा जसमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरेका 'क' वर्गका वाणिज्य बैंक, 'ख' वर्गका विकास बैंक, 'ग' वर्गका फाइनान्स कम्पनी र 'घ' लघुवित्त कम्पनीलाई समेटर मार्गनिर्देशन जारी गरेको हो ।

"इजाजतपत्र प्राप्त संस्थाको सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई नियुक्त गर्दाका बखत नै निजले पाउने वार्षिक तलब, भत्ता तथा अन्य सुविधाको सम्बन्धमा सम्झौतापत्रमा स्पष्ट उल्लेख गर्नुपर्नेछ", मार्गदर्शन निर्देशिकामा भनिएको छ ।

## ठूलो र चर्को ध्वनि निकाल्ने एक हजार ३२९ मोटर साइकल कारबाहीमा

काठमाडौं । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले मोडिफाइ गरी ठूलो तथा चर्को ध्वनि निकाल्ने एक हजार ३२९ मोटरसाइकललाई नियन्त्रणमा लिएर कारबाही गरेको जनाएको छ ।

सडकमा चर्को आवाज निकाल्दै ध्वनि प्रदूषण फैलाउने तथा मोडिफाइ गरिएका मोटरसाइकलहरूविरुद्ध विशेष निगरानी तथा कारबाही अभियान सञ्चालन गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "मोटरसाइकल लाई मोडिफाइ गरी चर्को आवाज निकाल्ने र ध्वनि प्रदूषण गर्ने गतिविधि नियन्त्रणका लागि हामीले अभियान नै सञ्चालन गरेका छौं । हालसम्म एक हजार ३२९ मोटरसाइकलका धनीलाई कारबाही गरिएको छ ।"

यसैबीच, ट्राफिक प्रहरीले आजमात्रै काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट चोरी भएका तथा हराएका ५० वटा मोटरसाइकल फेला पारी सम्बन्धित धनीलाई हस्तान्तरण गरेको जनाएको छ । चोरी तथा हराएका सवारीसाधनको खोजतलासका लागि ट्राफिक प्रहरीले विशेष टोली परिचालन गरेको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो ।

## हेटौंडाका उद्योगबाट चार करोड बक्यौता संकलन

बागमती । हेटौंडा औद्यागिक क्षेत्रभित्रका बक्यौता तिर्न बाँकी उद्योगहरूमध्ये केही उद्योगबाट रु चार करोड बक्यौता रकम सङ्कलन भएको छ ।

बक्यौता तिर्न बाँकी उद्योगहरूको लाइन काट्न थालिएसँगै उद्योगीहरूले र कम बुझाएर पुनःलाइन जोड्न थालेसँगै उक्त बक्यौता रकम सङ्कलन भएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, हेटौंडा कार्यालयका सूचना अधिकारी हिमालय भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयले हालसम्म करिब ६० उद्योगको विद्युत् लाइन काटेकामा बक्यौता रकम बुझाउन आउने उद्योगको पुनः लाइन जोड्ने काम पनि भइरहेको छ ।

लाइन काट्ने काम जारी रहने उल्लेख गर्दै सूचना अधिकारी भण्डारीले शनिबार र आइतबार सार्वजनिक बिदा भएका कारण सोमबारदेखि मात्रै उक्त कार्यलाई निरन्तरता दिइने बताउनुभयो । हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेका साना ठूला गरी कूल १३१ वटा उद्योगको बक्यौता तिर्न बाँकी करिब रु १३ करोड रहेको र बक्यौता रकम नबुझाएका सबै उद्योगको विद्युत् लाइन काटिने कार्यालयले जनाएको छ ।

## अभिनेता मदनकृष्णलाई राष्ट्रिय दीर्घसाधना सम्मान

काठमाडौं । वरिष्ठ अभिनेता मदनकृष्ण श्रेष्ठलाई 'राष्ट्रिय दीर्घसाधना सम्मान २०८३' प्रदान गरिएको छ । राष्ट्रपति कार्यालय शीतलनिवासमा 'राष्ट्रिय चलचित्र पुरस्कार तथा सम्मान' प्रदान गर्न आयोजित समारोहमा अभिनेता श्रेष्ठलाई राष्ट्रपति रामचन्द्र पौडेल, सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले संयुक्त रूपमा नगदराशि रु तीन लाख ७५ हजारसहित अभिनेता श्रेष्ठलाई दोसल्ला ओढाएर ताम्रपत्रसहित सम्मान गर्नुभयो ।

साथै, उक्त पुरस्कार समारोहमा गत वर्ष विसं २०८२ मा प्रदर्शन भएर राष्ट्रिय चलचित्र पुरस्कार समारोहमा सहभागी भएका चलचित्रमध्येबाट निर्णायक समितिद्वारा छनोट भएका चलचित्र र कलाकर्मीलाई पुरस्कृत गरिएको छ ।

उक्त समारोहमा सर्वोत्कृष्ट चलचित्र 'ऊनको स्वीटर', निर्देशक नवीन चौहान (ऊनको स्वीटर), अभिनेता नीर शाह (परान), अभिनेत्री मिरुना मगर (ऊनको स्वीटर), लेखन दीपकप्रसाद आचार्य र यम थापा (परान), छायाङ्कन पदमबहादुर श्रेष्ठ (कोशेढुङ्गा), सम्पादन नकुल खड्का (कोशेढुङ्गा), आदिवासी जनजातितर्फको सर्वोत्कृष्ट चलचित्र 'इन्दिरा धिमे मैचा' विजेता घोषित हुनुभएको छ । उहाँहरूलाई नगदराशि रु २५ हजारसँगै प्रमाणपत्र प्रदान गरिएको थियो । चलचित्र 'नाकछोड्'लाई विशेष चलचित्र पुरस्कार प्रदान गरिएको थियो ।

# रास्वपा प्रथम महाधिवेशनः उच्च प्राथमिकतामा सुरक्षा

❑ *प्रत्यूष समाचारदाता*

भरतपुर । असार ७ गतेदेखि ९ गतेसम्म चितवनको भरतपुरमा आयोजना हुन लागेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनलाई लक्षित गरी यहाँ सुरक्षा व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिएको छ ।

महाधिवेशनमा प्रधानमन्त्री, मन्त्री हरु, सांसद, उच्चपदस्थ व्यक्तित्व तथा विदेशी पाहुनाको समेत सहभागिता रहने भएकाले सुरक्षा तयारीलाई उच्च प्राथमिकता मा राखिएको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताउनुभयो । महाधिवेशनलाई लक्षित गरी चारवटै सुरक्षा निकाय समन्वयात्मक रूपमा तयार भएको सुरक्षा योजना कार्यान्वयन गरिने जानकारी दिनुभयो । उहाँका अनुसार महाधिवेशन अवधिभर कुनै पनि सुरक्षा चुनौती उत्पन्न हुन नदिन रणनीतिक सुरक्षा योजना तयार पारिएको छ । "महाधिवेशनलाई केन्द्रित गरेर विस्तृत सुरक्षा योजना बनाएका छौं", प्रजिअ अर्यालले भन्नुभयो, "आवश्यक परे अन्य जिल्लाबाट थप सुरक्षाकर्मी मगाएर भए पनि सुरक्षा व्यवस्था चुस्त र प्रभावकारी बनाइनेछ ।" महाधिवेशनस्थलको निरन्तर अनुगमन र निरीक्षणसमेत गरिरहेको उहाँले बताउनुभयो । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर पौडेलले महाधिवेशनको सुरक्षाका लागि एक हजार ८७ जनपद प्रहरी परिचालन गरिने बताउनुभयो । उहाँका अनुसार खुला सत्र र बन्द सत्रका लागि छुट्टाछुट्टै सुरक्षा रणनीति अपनाइएको छ ।

"सुरक्षाका लागि एक हजार ८७ जनपद प्रहरी परिचालन गरिनेछ भने ट्राफिक व्यवस्थापनका लागि १६५ ट्राफिक प्रहरी खटाइने छन्", प्रहरी उपरीक्षक पौडेलले भन्नुभयो, "सुरक्षाका दृष्टिकोणले कुनै कमजोरी हुन नदिने गरी सम्पूर्ण सुरक्षा संयन्त्र परिचालन हुनेछन् ।" महाधिवेशन अवधिमा ठूलो सङ्ख्यामा सहभागी तथा सवारीसाधनको चाप बढ्ने भएकाले ट्राफिक व्यवस्थापनलाई विशेष प्राथमिकता दिइएको छ । पार्टीले सकेसम्म कम सवारीसाधन प्रयोग गरेर आउन अनुरोध गरेको छ । रास्वपाका केन्द्रीय सचिवालय सदस्य दीपक बोहराले महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, तथा शुभेच्छुकहरू को ठूलो उपस्थिति रहने भएकाले ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्न सक्ने बताउनुभयो । "प्रतिनिधि र सहभागीलाई सकेसम्म सीमित सवारीसाधन प्रयोग गरेर आउन अनुरोध गरेका छौं", उहाँले भन्नुभयो । यसअघि रत्ननगरको टाँडी क्षेत्रमा आयोजना गर्ने तयारी गरिएको महाधिवेशन अन्ततः भरतपुरमा सारिएको हो । रास्वपा चितवनका सभापति मिनिमाधव खनालका अनुसार अध्यधिक गर्मी, वर्षा तथा सुरक्षा व्यवस्थापनलाई मध्यनजर गर्दै कार्यक्रम स्थल परिवर्तन गरिएको हो । "यति ठूलो राष्ट्रिय कार्यक्रमको आयोजक बन्न पाउनु चितवनका लागि गौरवको विषय हो", उहाँले भन्नुभयो, "सहभागीलाई घाम र वर्षाबाट सुरक्षित राख्न आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापनका काम भइरहेका छन् ।"

महाधिवेशनको सुरक्षाका लागि सुरक्षाकर्मीसँगै पार्टीका नेता कार्यकर्तासमेत खटिने सभापति खनालले जानकारी दिनुभयो । उहाँका अनुसार बन्दसत्रमा करिब तीन हजार ५०० देखि चार हजार प्रतिनिधि सहभागी हुने अपेक्षा गरिएको छ । खुला सत्रमा भने ४० हजारदेखि ५० हजारसम्म उपस्थित हुनसक्ने अनुमान गरिएको उहाँले बताउनुभयो ।

## वन्यजन्तुको आक्रमणबाट नौ वर्षमा सत्र बालबालिकाको गयो ज्यान

❑ *प्रत्यूष समाचारदाता*

तनहुँ । तनहुँमा नौ वर्षको अवधिमा वन्यजन्तुको आक्रमणमा परी सत्र जना बालबालिकाको ज्यान गएको छ ।

मानव वन्यजन्तु द्वन्द्वका कारण यसअवधिमा ३८ वटा घट्ना भएका डिभिजन वन कार्यालयले जनाएको छ । विसं ०७४ देखि ०८२ सम्मको अवधिमा त्यस्ता घटनामा २१ जना स्थानीय घाइते भएका थिए । वन्यजन्तुको आक्रमणमा परी सबैभन्दा बढी बन्दीपुर गाउँपालिकामा मानवीय क्षति भएको छ ।

उक्त स्थानमा भएका ११ घटनामा सात जना बालबालिकाको मृत्यु र चार जना घाइते भएको सूचना अधिकारी एवं वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार भानु नगरपालिका १४ घटना हुँदा पाँच जनाको मृत्यु र नौ जना घाइते भएका छन् । अधिकांश घटना चितुवाबाट भएको छ भने केही घटना भालु र बाँदरबाट भएको छ । व्यास नगरपालिका भएको छ वटा घटनामा दुई जनाको मृत्यु र चार जना घाइते भएका छन् । त्यसैगरी शुक्लागण्डकीमा तीन घटनामा दुई जनाको मृत्यु र एक जना घाइते भएका छन् । आँबुखैरेनी गाउँपालिकामा तीन घटनामा एक जनाको मृत्युका साथै दुई जना घाइते र म्याग्दे गाउँपालिकामा एक घटनामा एक जना घाइते भएका थिए ।

अधिकांश चितुवाको आक्रमण बालबालिकाको मृत्यु र घाइते भएका छन् भने भालु र बाँदरको आक्रमणबाट नगन्य मात्रामा घाइते भएका छन् ।

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०८० अनुसार हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, जङ्गली कुकर, जङ्गली बँदेल, अर्ना, मगर गोही, अजिङ्गर र गौरीगाईबाट क्षति भएमा राहतका लागि पीडित वा हकवालाले ३५ दिनभित्र सम्बन्धित निकायमा निवेदन दिनुपर्दछ ।

वन्यजन्तुबाट सामान्य घाइते भएका व्यक्तिलाई बढीमा रु २० हजारसम्म औषधि उपचार खर्च दिने व्यवस्था रहेको डिभिजन वन कार्यालयले जनाएको छ ।

त्यस खालका घटनामा परी सख्त घाइते भएकालाई रु दुई लाख र सोभन्दा बढी खर्च लाग्ने भएमा सरकारी अस्पतालमा उपचार गराई सोही अस्पतालको सिफारिसमा सम्पूर्ण उपचार खर्च नेपाल सरकारले व्यहोर्ने प्रावधान रहेको डिभिजन प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो । उहाँका अनुसार अङ्गभङ्ग भई जीवनभर गम्भीर रुपले शारीरिक अशक्त हुने अवस्थाको व्यक्ति वा निजको हकवालालाई जीविको-पार्जनको लागि एकमुष्ट रु पाँच लाख राहत रकम दिने व्यवस्था रहेको छ । मानिसको मृत्यु भएमा मृतकको आश्रित परिवारलाई रु १० लाख राहत रकम दिइनेछ ।

## हेटौंडाका उपभोक्तालाई दैनिक तीन करोड ७५ लाख लिटर पिउने पानी वितरण

मकवानपुर । हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले हेटौंडा उपमहापालिकाको विभिन्न वडाका उपभोक्तालाई दैनिक तीन करोड ७५ लाख लिटर प्रशोधित पिउने पानी वितरण गर्ने गरिएको छ ।

हेटौंडा उपमहापालिकामा वडा नम्बर १२ र १३ बाहेक वडा नम्बर १ देखि १९ का करिब एक लाख ७२ हजार बासिन्दालाई स्वच्छ पिउने पानी दैनिक सरदर १० घण्टा वितरण गर्दै आएको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकारी सञ्जय न्यौपानेले बताउनुभयो । उहाँले हेटौंडा नगरको विभिन्न वडाका प्रत्येक टोलमा आजसम्म २९ हजार ८०३ धारा जडान गरिएको जानकारी दिनुभयो ।

हेटौंडा उपमहापालिका-२ स्थित बुडदल खोलाको पानी, ४० डिपट्युवेल र १९ समवेलबाट दैनिक तीन करोड, ७५ लाख लिटर पिउने पानी सङ्कलन गरिँदै आएको खानेपानी बोर्डका सूचना अधिकारी न्यौपानेले बताउनुभयो ।

यसैगरी सो बोर्डले हेटौंडा-१४ मा डिपट्युवेल दुई लाख लिटर क्षमताको पानी ट्याङ्की निर्माण र मेनलाइन शाखा पाइप विस्तार कार्य सम्पन्न गरिएको छ । सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको संयुक्त आयोजनामा हेटौंडा-१६ शक्तिमा ६ वटा ९ सय घनमिटर क्षमताको समवेलको निर्माण र करिब साढे ३ किलोमिटर पाइप लाइन विस्तार गर्ने कार्य समेत सोही क्रममा सम्पन्न गरिएको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका प्रमुख विष्णुप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

यसैगरी हेटौंडा-१५ को सानो सुकौलीमा बोर्डले एक लाख लिटर क्षमताको पानी ट्याङ्की र वडा नम्बर १६ मा शौचालय निर्माण गरेको छ । हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड र खानेपानी तथा सरसफाइ डिभिजन १ को संयुक्त लगानीमा हेटौंडा-११ थाना भञ्याङको सिमलटार क्षेत्रमा हाल दुई समवेल र चार लाख ५० हजार क्षमताको ओभर हेड पानी ट्याङकी तथा घर निर्माण गरेको प्रमुख सापकोटाले बताउनुभयो ।

## सम्पादकीय ....

# सांसद जिम्मेवार बन्नुपर्ने

संसदको रोष्ट्रम व्यक्तिगत आक्रोश, दलगत अहंकार वा राष्ट्रलाई कमजोर बनाउने भाषणका लागि होइन, यो राष्ट्रको स्वाभिमान, जनताको आवाज र लोकतान्त्रिक उत्तरदायित्वलाई उचो राख्ने पवित्र मञ्च हो।संसदमा टेबल ठोक्दै समर्थन जनाउनु मात्र सांसदको कर्तव्य होइन । गैरजिम्मेवार अभिव्यक्ति सत्तापक्षबाट आओस् वा प्रतिपक्षबाट,आवोस प्रधानमन्त्री, मन्त्री, सभामुख जोसुकै बाट आवोस, सांसदहरूको दायित्व त्यसको खबरदारी गर्नु पनि हो। जनताले मत केवल कुनै एक दल वा एक व्यक्तिलाई मात्रै होइन, राष्ट्रको स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षा गर्ने नीति निर्माणका लागि दिएका हुन् । त्यसैले संसदमा सहीलाई सही र गलतलाई गलत भन्न सक्ने नैतिक साहस र बौद्धिक इमानदारी हुनुपर्छ ।

विश्व राजनीतिमा जस्तै नेपालमा पनि सेलिब्रेटी छविका पात्रहरूको उदय भइरहेको छ । प्रश्न केवल उनीहरूको लोकप्रियताको होइन, उनीहरूको वैचारिक गहिराइ, राष्ट्रिय प्रतिबद्धता र संस्थागत क्षमताको हो ।

देश व्यक्तित्वले चल्ने कि संस्था, नीति र राष्ट्रिय दृष्टिलेरु इतिहासले देखाएको छ, व्यक्तित्व क्षणिक हुन सक्छ, तर बलिया संस्था र दीर्घदृष्टि भएका नीतिहरूले मात्र देशलाई दीर्घकालसम्म अगाडि बढाउँछन् गम्भीरतापूर्वक सोच्नुपर्छ,नत्र कतै हामी आफ्नै निर्णयले होइन, कसैले नेपथ्यबाट रचेको कृत्रिम कथाको बाटोमा त हिँडिरहेका छैनौं ? लोकतान्त्रमा सम्माननिय सभामुख सत्तापक्षबाट निर्वाचित भए पनि उनी संविधान, नियमावली र संसदीय परम्पराअनुसार निष्पक्ष रूपमा काम गर्न सक्छन् र गर्नुपर्छ ।

संसदीय परंपरा र संबैधानिक ब्यबस्था नै हो । तेसैले संसदको गरिमाको पाठ केवल प्रतिपक्षलाई मात्र होइन, सत्तापक्षलाई पनि समान रूपमा लागू हुन्छ । लोकतन्त्रमा संसद कुनै एक दलको मात्रै मञ्च होइन यो सम्पूर्ण जनताको प्रतिनिधित्व गर्ने सर्वोच्च राजनीतिक संस्था हो ।

मर्यादा, शिष्टता र जिम्मेवारी दुवै पक्षले पालना गर्नुपर्छ,, कुनै पनि सांसदले संसदमा राख्ने अभिव्यक्ति अभिव्यक्ति स्वतन्त्रताको दायराभित्र पर्छ, तर त्यससँगै तथ्य, जिम्मेवारी र राष्ट्रिय हितप्रतिको संवेदनशीलता पनि अपेक्षित हुन्छ । एउटा पक्षले अर्कोलाई राष्ट्रघाती भनेर आरोप लगाउन सक्छ, तर त्यसको मूल्याङ्कन राजनीतिक आरोपभन्दा बढी तथ्य, प्रमाण र जनताले गर्ने हुन्छ ।

टेबल ठोक्ने हातभन्दा पनि राष्ट्रहितमा उठाउने आवाज र विवेकको आवश्यकता बढी हुनुपर्छ । उनीहरूबाट विवेकपूर्ण निगरानी, जवाफदेहिता र राष्ट्रिय हितको संरक्षण पनि जनअपेक्षित हुन्छ रहुनुपर्दछ ।

प्रधानमन्त्रीले पनि सर्वप्रथम सार्वभौम संसदकै सदस्य हुँ भन्ने तथ्य बिर्सेर यदि सदनलाई उपेक्षा गरिहन्छन् भने, त्यो केवल संसदको अपमान मात्र होइन, संसदीय व्यवस्थाकै उपहास हो ।

लोकतन्त्रमा सरकार संसदप्रति उत्तरदायी हुन्छ, संसद सरकारप्रति होइन । जब कार्यकारी शक्ति आफूलाई संसदभन्दा माथि ठान्न थाल्छ, तब सर्वशक्तिवादको प्रवृत्ति बलियो बन्दै जान्छ । यस्ता प्रवृत्तिलाई समयमै नियन्त्रण गरिएन भने शक्ति सन्तुलन कमजोर हुन्छ

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **“प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# रैथाने स्वादमा आधुनिकता र तापक्रमको असर

*नवीन लामिछाने*

पहिले जैविक खेतीपाती मात्रै हुने ठाउँ हो मनाङ । पहिले स्थानीय प्रजातिको स्याउ, फापरखेती हुन्थ्यो र गरिन्थ्यो । मनाङको नासों गाउँपालिका-६ तिल्चेका पुराना किसान कमल घले भन्नुहुन्छ, “मनाङको मौसम फेरिएको छ । स्थानीय जातको स्याउ पाउनै मुस्किल भएको छ ।” स्थानीय स्याउ बिक्री तथा विभिन्न परिकार बनाउने गरिएको भए पनि अहिले उत्पादन घट्दा विकासे (हाइब्रिड) स्याउ लगाएको प्रशस्त देखिने उहाँ बताउनुहुन्छ ।

स्थानीय प्रजातिको जस्तो स्वाद अहिलेका स्याउमा नपाइने उहाँ बताउनुहुन्छ । “स्थानीय जातकै स्याउका दानाको आकार घटेको छ । त्यति मात्रै हो र ! फापरको मिठास, करु, गहुँ, कोलु बोडीको दाना समेत घटेका छन्,” घले भन्नुहुन्छ, “हिउँ समयमा पर्दैन, पानीको काम नै पहिले त हिउँले गर्ने हो, कहिले अर्कै समयमा परेको हुन्छ त । कहिले हिउँ नै पर्दैन । केको हुनु खेतीपाती ।”

मनाङको यो व्यथा केवल एउटा गाउँको मात्र होइन, सिङ्गो हिमाली क्षेत्रको साझा समस्या बनेको छ । हिजोका दिनमा यहाँका किसानहरू प्रकृतिको लयसँगै बाँचेका थिए । हिउँ र वर्षाको निश्चित चक्र थियो, जसले माटोलाई भित्रैदेखि भिजाउँथ्यो र पोषणयुक्त बनाउँथ्यो । तर अहिले प्रकृतिको त्यो लय बिग्रिएको छ ।

पहिले प्राङ्गारिक मलबाहेक अरु कुनै पनि बजारिया मल हाल्ने चलन थिएन । तर, फल राम्रो हुन्थ्यो । अहिले धेरै फल्ने भए पनि स्वाद र पोषिलो नहुने घलेको अनुभव छ । खेतीपातीमा किरा नै देखिँदैनथ्यो, अहिले किरा प्रशस्त भेटिएको उहाँ बताउनुहुन्छ । खेतीपाती जोगाउनकै लागि विषादी प्रयोग गर्ने किसान बढ्न थालेको उहाँको भनाइ छ ।

हिमाली क्षेत्रमा विषादीको प्रवेश हुनु आफैँमा एउटा गम्भीर समस्या हो । चिसो हावापानीमा किराको प्रकोप कम हुने विश्वास हिजोका दिनमा थियो तर तापक्रम बढेसँगै नयाँ-नयाँ रोग र किराहरूले मनाङका पाखाहरूमा डेरा जमाउन थालेका छन् । “अहिले गोलभेडा, काउली, बन्दा, फर्सी, प्याज, लसुन, साग, मूला, गाजरलगायतका तरकारीखेती हुन थालेका छन् । उत्पादन बढ्दै जाँदा यहाँको बजार पनि फराकिलो भएको छ तर माटोको उत्पादन गर्ने क्षमता भने खस्कँदो अवस्थामा छ,” नासों गाउँपालिका-८ ताचैका किसान सोलबहादुर गुरुङले भन्नुभयो । विषादी प्रयोग बढ्दै जाँदा मानवीय स्वास्थ्यमा प्रभाव पार्ने देखिएको गुरुङको भनाइ छ । मनाङमा हुने यस्तो परिवर्तनले स्थानीय बासिन्दाको आहारविहारमा समेत असर पारिरहेको छ ।

### कृषि भूगोल र रैथाने बालीको विरासत

समुद्री सतहबाट एक हजार ८८० मिटरदेखि आठ हजार १६३ मिटरसम्म उचाइ समेटेको मनाङ रैथाने खेतीबालीमा आत्मनिर्भर छ । दुई हजार २४६ वर्गकिलोमिटर भूभाग समेटिएको यस जिल्लाको दुई लाख २४ हजार ६०० हेक्टरमध्ये दुई हजार १५६ भूभाग खेतीयोग्य छ । खेतीयोग्य भूमिको दुई हजार १७ हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिँदै आएको कृषि विकास कार्यालयले जनाएको छ । त्यसमध्ये एक हजार ६३ हेक्टर जमिन सिञ्चित क्षेत्र हो भने अन्य क्षेत्र प्राकृतिक रुपमा खेती सिँचाइ हुन्छ ।

यहाँ रैथाने बालीका रुपमा आलु, गहुँ, फापर, करु, उवा र कोलु बोडीलाई लिइन्छ । हाल कतिपय स्थानमा रैथाने बाली लोप हुने अवस्थामा पुगेका छन् भने कतिपय स्थानमा नगन्य मात्रामा मात्र खेती गर्ने गरेको पाइएको कृषि विकास कार्यालयले जनाएको छ । कार्यालयका अनुसार जिल्लाकै उच्च स्थानको रुपमा रहेको नार्पाभूमि गाउँपालिकामा रैथाने बाली प्रायः लोप हुने अवस्थामा पुगेको छ ।

### स्वाद र गुणस्तरमा क्रमिक परिवर्तन

मनाङमा उत्पादन हुने रैथाने बालीको स्वादमा परिवर्तन आएको किसानको अनुभव छ । नासोंका किसान सोलबहादुर गुरुङ भन्नुहुन्छ, “गर्मी बढेसँगै खेतीबालीको स्वाद र गुणस्तर नै फेरिने रहेछ । हामीले लगाएका स्याउ, आलु, फापरलगायतका कृषिउपजको स्वाद र गुणस्तर नै फेरिए जस्तो लाग्छ । पहिलेको जस्तो स्वाद पाइँदैन ।”

स्थानीय जातका स्याउको पनि स्वाद फेरिएको उहाँको भनाइ छ । मौसममा आधारित खेतीपाती हुने मनाङमा समयमा हिउँ पर्दैन । तल्लो मनाङमा लामो समयदेखि हिउँ नपरेको गुरुङ बताउनुहुन्छ । आजकाल हिउँको सट्टा पानी पर्छ । हिउँले माटोलाई चिस्यान मात्र दिँदैन, यसले माटोभित्रका हानिकारक तत्वहरूलाई निष्क्रिय बनाउन पनि मद्दत गर्छ भन्ने स्थानीयको बुझाइ छ ।

### नयाँ बालीको प्रवेश : अवसरसँगै चुनौती

मनाङका अधिकांश गाउँमा अहिले रैथाने बालीको उत्पादन घट्दै गएको छ । विशेषगरी नार्पाभूमि र मनाङ ङिस्याङका उच्च हिमाली क्षेत्रमा फापर, जौ र उवा खेती उल्लेखनीय रुपमा घटेको छ । यहाँ विगतदेखि नै अन्य खेतीको तुलनामा आलुको बढी उत्पादन, माग तथा खपत भएकाले व्यावसायिक खेतीअर्थात् नगदे बालीका रुपमा विकास भएको पाइन्छ । जलवायु परिवर्तनलाई विशेषगरी नकारात्मक रुपमा मात्रै लिने गरिन्छ तर यसको परिवर्तनसँगै समयअनुसारका उत्पादनलाई पनि केही अवसर दिएको छ । जलवायु परिवर्तनको प्रभाव बढी हुँदा पहिले खेती नहुने क्षेत्रमा नयाँ बाली प्रवेश गर्ने अवसर बनेको छ । तापक्रम वृद्धिले पहिले सम्भव नभएका खेतीबाली उत्पादन हुनुका साथै व्यावसायिक खेती प्रणालीको विकास हुने देखिएको कृषि विकास कार्यालयका प्रमुख पौडेल बताउनुहुन्छ । उहाँका अनुसार जलवायुमैत्री प्रविधिको उपयोग गर्दै बन्दागोभी, काउली, गोलभेडा, प्याज, लसुन, रायो, गाजर, मुला, किवीजस्ता फलफूल तथा तरकारी खेतीको विकास भइरहेको छ । जिल्लाका उच्च भेगहरूमा अचेल तरकारीका लटरम्म टनेलहरू देखिन थालेका छन् । किसानले प्लास्टिक टनेल प्रयोग गरेर वर्षौंभरि तरकारी उत्पादन गर्न थालेपछि स्थानीय खाद्य आपूर्ति सुधार गर्नुका साथै आयात प्रतिस्थापनमा समेत योगदान पुगेको कार्यालयले जनाएको छ ।

कृषि विकास कार्यालयका अनुसार फापर र जौजस्ता परम्परागत खाद्य बालीको खेती निरन्तर घट्दो क्रममा रहेको छ । उवा तथा कागुनोको अभिलेखीकरण पछिल्ला वर्षमा सुरु भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । त्यस्तै आलु अझै पनि मनाङको प्रमुख नगदे बालीको रुपमा रहेको छ । ङिस्याङ गाउँपालिकाका सबै वडामा रैथाने बाली लोप हुने अवस्थामा पुगेको कार्यालयका प्रमुख पौडेलले जानकारी दिनुभयो । “उत्पादन घट्दै जाँदा किसानले बाली फेर्न थालेका छन्, यसलाई सुहाउँदो वातावरण अभावले पनि खेतीबाली फेर्न थालेका छन्”, उहाँले भन्नुभयो, “मौसम अनुकूल खेतीलाई प्राथमिकता दिन थालेको पाइएको छ ।”

### आधुनिक प्रजातिको विकासमा होडबाजी

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र काठमाडौंका अनुसार कम जग्गामा बढी उत्पादन र उन्नत जातको खेती गर्ने उद्देश्यले गर्दा स्थानीय जातहरू लोप हुने अवस्थामा पुगेका छन् । हाल किसानहरूले बढी उत्पादन लिन उन्नत जातका बीउहरू प्रयोग गर्दा रैथाने जातहरू विस्थापित भएका हुन् । संरक्षण केन्द्रका अनुसार फापर, कोलु बोडी, जौ, कागुनो, च्युनो, उवा, लट्टे, जुनेलो, मस्याङ, गहत, खेसरी, भोगे सिमी, सिलाम, झुसेतिल आदिलाई स्थानीय तथा रैथाने बालीमा सूचीकृत गरिएको छ ।

हिमालपारिको जिल्ला मनाङ खेतीपाती र कृषिका लागि अब ‘दुर्गम’ रहेन । कृषि पकेट क्षेत्र तोकिएका अन्य भेगझैँ व्यावसायिक रूपमा धेरै थरी कृषिउपज उत्पादन हुन थालेपछि जिल्ला बाहिर पनि निर्यात हुन थालेको छ । ङिस्याङ गाउँपालिकामा बन्दा, काउली, गाजर, मुला, गोलभेडा, रायोजस्ता बेमौसमी तरकारीखेती सफल भएपछि आन्तरिक खपतसँगै आयात प्रतिस्थापन सम्भव भएको कार्यालयले जनाएको छ ।

यहाँका चार वटै पालिकामा एक दशकयता टनेल खेतीको अभ्यास हुँदै आएको छ । धेरैजसो किसान परम्परागत खेतीपाती छाड्दै व्यावसायिक स्याउखेतीतर्फ आकर्षित हुन थालेका छन् । रैथाने बाली हराउँदै जाने र गुणस्तर खस्किने चिन्ता बढ्न थालेसँगै कृषि विकास कार्यालयले अनुदानसहितका सचेतना कार्यक्रम प्राथमिकतामा राखेको छ । जलवायु परिवर्तनको प्रभावले बालीनालीको उत्पादन र गुणस्तरमा प्रभाव पारिरहेको बताउँदै कार्यालय प्रमुख पौडेलले भन्नुभयो, “रैथाने बालीको बीउ जोगाउन, परम्परागत खेतीलाई प्रोत्साहन गर्न हामी स्थानीय तहसँगको सहकार्यमा जुटेका छौँ ।”

हिमाली कृषि संरक्षणका लागि जलवायु वित्तको उपयोग बढाउन आवश्यक भएको विज्ञको भनाइ छ । जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम न्यूनीकरण तथा अनुकूलन कार्यक्रमका निम्ति अन्तरराष्ट्रियस्तरबाट उपलब्ध हुने जलवायु वित्तलाई कृषि क्षेत्रमा लगानी बढाउनुपर्ने उहाँहरूको सुझाव छ । विशेषगरी रैथाने बीउ पुँजी स्थापना, सामुदायिक बीउ संरक्षण, जलवायुमैत्री बाली विकास तथा अनुसन्धानमा सरकारले जलवायु वित्त कोषको लगानी बढाउन आवश्यक छ ।

जलवायुमैत्री खेतीलाई प्रोत्साहन गर्न सकिएमा मात्रै रैथाने खेतीको बीउ संरक्षण र प्रवर्द्धन गर्न सकिनेछ । यसको न्यूनीकरण गर्न जलवायु वित्त वा जलवायु अनुकूलन कोषमा आएको बजेटको उपयोग कृषि क्षेत्रमा लगानी बढाउन सरकारले ताकेता गर्नुपर्ने देखिन्छ । यसले कृषि र हिमशृङ्खला संरक्षणका निम्ति भरपुर उपयोगलाई तीनै तहको सरकारले प्राथमिकतामा राख्नुपर्ने देखिएको छ ।

मनाङको माटोको सुगन्ध र त्यहाँका रैथाने बालीको मिठास जोगाउनु केवल एक किसानको चिन्ता मात्र होइन, यो त हाम्रो राष्ट्रिय खाद्य सुरक्षा र जैविक विविधतासँग जोडिएको विषय हो । मौसमको दबाबका बीच मनाङको खेतीपातीलाई जोगाइराख्नु अहिलेको सबैभन्दा ठूलो चुनौती बनेको छ ।

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित व्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन बोर्ड**

# सरकारी जग्गा भोगाधिकारबारे विभागको पत्राचार

काठमाडौं । भोगाधिकारका आधारमा सरकारी जग्गा उपयोग गर्दै आएका व्यक्ति, संस्था तथा निकायलाई कानुनअनुसार लिजमा रूपान्तरण प्रक्रिया पूरा गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभागले आग्रह गरेको छ ।

विभागले देशभरका भूमि प्रशासन तथा मालपोत कार्यालयहरूलाई पत्राचार गर्दै भोगाधिकारमा रहेका सरकारी जग्गाको अवस्था पहिचान गरी सम्बन्धित व्यक्ति तथा संस्थालाई लिजमा रूपान्तरणका लागि जानकारी गराउन निर्देशन दिएको हो ।

विभागका अनुसार सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ अनुसार भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले तोकिएको अवधिभित्र लिजमा रूपान्तरणका लागि निवेदन दिनुपर्ने व्यवस्था छ । तर कतिपय स्थानमा समयमै प्रक्रिया पूरा नभएका कारण धेरै जग्गा अझै भोगाधिकारकै अवस्थामा रहेका छन् ।

पत्रमा मालपोत नियमावली, २०३६ को नवौं संशोधनले समेत भोगाधिकारमा रहेका जग्गालाई लिजमा रूपान्तरण गर्ने कानुनी व्यवस्था स्पष्ट गरेको उल्लेख छ । सो व्यवस्थाअनुसार भोगाधिकार प्राप्त पक्षले बाँकी रकम तथा अन्य दायित्व पूरा गरी लिज सम्झौता गर्न सक्नेछन् ।

विभागले भोगाधिकार समाप्त भएका वा म्याद सकिन लागेका जग्गाको विवरण अद्यावधिक गरी सम्बन्धित पक्षलाई जानकारी गराउन र लिजमा रूपान्तरणका लागि आवश्यक प्रक्रिया अघि बढाउन सबै कार्यालयलाई निर्देशन दिएको छ । साथै, यस्ता जग्गाको अभिलेख व्यवस्थित राख्न, कानुनी अन्योल हटाउन र सरकारी सम्पत्तिको उपयोगलाई थप व्यवस्थित बनाउन विशेष ध्यान दिन भनिएको छ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशकको हस्ताक्षरसहित जारी पत्रमा भोगाधिकारका जग्गा लामो समयसम्म रूपान्तरण नभई रहँदा प्रशासनिक तथा कानुनी समस्या सिर्जना हुने भएकाले सम्बन्धित सबै पक्षलाई तत्काल प्रक्रिया अघि बढाउन आग्रह गरिएको छ ।

# गर्मी छल्न भेडेटार आउने पर्यटकको कोसेली अर्ग्यानिक तरकारी

धरान । साँझ पर्न थालेको छ । सवारीहरु भेडेटार चोकमा लामबद्ध छन् । केही पर्यटक होटलबाट चेकआउट गर्दैछन्, केही दिनभरको घुमफिरपछि घर फर्कने तयारीमा छन् । तर उनीहरूको यात्रा अझै पूरा भएको छैन ।

गाडी चढ्नुअघि धेरैजसो पर्यटकहरु सडकछेउका तरकारी पसलतर्फ लम्किएका छन् । कसैले रायोको साग किनिरहेका छन् त कसैले अकबरे खुर्सानी रोज्दै छन् । कतिपयले त किवी, आलु, सिमी र बोडीका झोला गाडीको डिक्कीमा हालिसकेका छन् ।

पहिलो नजरमा यो सामान्य व्यापारजस्तो देखिए पनि यसले भेडेटारको बदलिँदो आर्थिक र सामाजिक चित्रलाई बयान गरिरहेको छ । एकातिर गर्मीबाट राहत खोज्दै पहाड उक्लिने पर्यटक छन् भने अर्कोतिर उनीहरूकै आगमनले जीवन धान्ने किसान र व्यापारी । पछिल्ला वर्षहरूमा भेडेटार केवल चिसो मौसमको गन्तव्य मात्र बनेको छैन, यो स्थानीय कृषि उत्पादनको महत्वपूर्ण बजारका रूपमा पनि विकसित हुँदै गएको छ ।

तराईमा तापक्रम बढ्नासाथ भेडेटारको चहलपहल बढ्न थाल्छ । विराटनगर, इटहरी, धरान, दमक, इनरुवा, झापा र आसपासका सहरबाट दैनिक हजारौं मानिस शीतल हावा खोज्दै यहाँ आइपुग्छन् । समुद्री सतहबाट एक हजार चार सय ३० मिटर उचाइमा रहेको भेडेटारको मौसम उनीहरूका लागि केही घण्टाको भए पनि राहतको अनुभूति हो ।

एकैछिन घाम लाग्ने, केही बेरमै कुहिरोले डाँडा ढाक्ने, अनि फेरि चिसो हावाले शरीर स्पर्श गर्ने भेडेटारको आफ्नै लय छ । यही लयले वर्षौंदेखि पर्यटकलाई आकर्षित गर्दै आएको छ । तर अहिले पर्यटकको आकर्षण केवल मौसममा सीमित छैन । यहाँको अर्को आकर्षण बनेको छ, स्थानीय किसानको खेतबाट सिधै बजारमा पुगेको ताजा अर्गानिक उत्पादन ।

भेडेटार चोकमा विगत १६ वर्षदेखि तरकारी तथा फलफूल व्यापार गर्दै आउनुभएका दिपेश मगरका अनुसार गर्मी याम सुरु भएसँगै व्यापारको स्वरूप नै बदलिन्छ । बिहानैदेखि तरकारी बोकेका गाडीहरू आइपुग्छन् । धनकुटाको राजारानी, नाम्जे, थुम्की, मूलघाट, डाँडाबजार र भोजपुरका गाउँहरूबाट ल्याइएका ताजा उत्पादनहरू पसलमा सजाइन्छन् । दिनभर पर्यटकको भीड लाग्छ र साँझसम्म अधिकांश सामग्री बिक्री भइसकेको हुन्छ ।

"पहिले मानिसहरू घुम्न आउँथे र फर्किन्थे," मगर भन्नुहुन्छ, "अहिले धेरैजसोले फर्किँदा तरकारी पनि लैजान्छन्, पहाडको उत्पादन स्वादिलो र ताजा हुन्छ भन्ने विश्वास उपभोक्तामा बढेको छ ।" उनका अनुसार बजारमा विषादीयुक्त तरकारीको चर्चा बढिरहेका बेला उपभोक्ताहरू अर्गानिक र स्थानीय उत्पादनप्रति आकर्षित भएका छन् । स्थानीय किसान बुद्ध राईका अनुसार पहाडी क्षेत्रमा उत्पादन हुने तरकारीको स्वाद फरक हुन्छ । "यहाँको माटो, पानी र मौसमले उत्पादनलाई विशेष बनाउँछ," उहाँले भन्नुभयो, "कहिलेकाहीं मूल्य केही बढी पर्छ, तर ग्राहकले गुणस्तरका कारण स्वीकार गर्छन् ।"

पर्यटकका कारण स्थानीय कृषकको जीवनमा पनि परिवर्तन आएको छ । केही वर्षअघिसम्म गाउँमा उत्पादन भएको तरकारी बेच्न किसानले बजार खोज्नुपर्थ्यो । अहिले भने बजार आफैं किसानको ढोकासम्म पुगेको अनुभूति हुन्छ । पर्यटकको माग बढेपछि उत्पादन बढाउने किसान पनि बढेका छन् । कतिपयले नयाँ बाली लगाउन थालेका छन् भने कतिले व्यावसायिक खेतीतर्फ पाइला चालेका छन् । पर्यटन र कृषिबीचको यही सम्बन्धले भेडेटारलाई अन्य पर्यटकीय गन्तव्यभन्दा फरक बनाएको छ । यहाँ आउने पर्यटक केवल प्राकृतिक सौन्दर्य हेरेर फर्किँदैनन्, उनीहरूले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष योगदान पनि पुर्‍याउँछन् ।

विराटनगरबाट साथीहरूसँग भेडेटार घुम्न आएकी सरिता शर्मा हातमा सागसब्जीको झोला बोकेर मुस्कुराउँदै हुनुहुन्थ्यो । उहाँले भन्नुभयो, "यहाँ आउँदा मौसमको मज्जा त पाइन्छ नै, फर्किँदा घरका लागि ताजा तरकारी पनि लैजान पाइन्छ, अहिले त भेडेटार आएर तरकारी नकिनी फर्किएजस्तो लाग्दैन ।"

सरिताको अनुभव धेरै पर्यटकसँग मेल खान्छ । कतिपयले आफ्ना लागि किन्छन्, कतिपयले आफन्तलाई कोसेलीका रूपमा लैजान्छन् । यसरी स्थानीय उत्पादन भेडेटारबाट पूर्वी तराईका सहरहरूसम्म पुगिरहेको छ । होटल एसोसिएसन भेडेटारका सचिव रमेश श्रेष्ठका अनुसार अहिले दैनिक ३० देखि ४० हजार पर्यटक भेडेटार पुग्ने गरेका छन् । सप्ताहन्त र सार्वजनिक बिदाका दिन यो संख्या ६० हजार हाराहारी पुग्छ ।

# सालक संरक्षणमा सामुदायिक वन

बागमती । सङ्कटापन्न प्रजाति, सालकको संरक्षणमा मकवानपुर जिल्लाका सामुदायिक वनउपभोक्ता समितिहरु जुटेका छन् ।

मकवानपुर जिल्लाका विभिन्न सामुदायिक वनले सालक संरक्षणमा सक्रियता देखाएसँगै डिभिजन वन कार्यालय, मकवानपुरले संरक्षणका लागि विभिन्न कार्यक्रम अघि बढाएको हो ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नं ६ स्थित रानी सामुदायिक वन उपभोक्ता समूहले दुर्लभ वन्यजन्तु सालक संरक्षणमा सक्रियता देखाएसँगै जिल्लाका विभिन्न सामुदायिक वनले सालक संरक्षणमा जोड दिँदै आएका छन् ।

करिब १३४ हेक्टर क्षेत्रफलको रानी सामुदायिक वनमा २०६२ सालदेखि सालक संरक्षण अभियान थालिएको वन उपभोक्ता समूहका अध्यक्ष भीमसेन पौडेलले जानकारी दिनुभयो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०७३ अनुसार सालक मार्ने, खरिद वा बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई रु पाँच लाखदेखि रु १० लाखसम्म जरिवाना वा पाँच वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुनसक्ने व्यवस्था गरिएको छ ।

"हामीले सुरुसुरुमा सालक फेला परेपछि हेटौंडाको सहिद स्मारक पार्कमा लगेर बुझाउने गरेका थियौं", उहाँले भन्नुभयो, "उक्त स्मारक क्षेत्रमा हावापानी नमिलेका कारण सालक बाँच्न सकेनन् । पछि हाम्रै सामुदायिक वनमा संरक्षण गरेर राख्न थालेका हौं ।" उहाँका अनुसार सालक किसानको साथी हो । धमिरा तथा किरा खाएर यसले पर्यावरणमा सहयोग पुर्‍याउने गरेको छ । वन उपभोक्ता समूहका सदस्यले सालकलाई आफ्नै परिवारका सदस्य जस्तै गरी संरक्षण गरिरहेको उहाँले जानकारी दिनुभयो । रानी सामुदायिक वन क्षेत्रमा हाल करिब पाँच दर्जनको सङ्ख्यामा सालक रहेको अनुमान गरिएको अध्यक्ष पौडेलले जानकारी दिनुभयो ।

सालक संरक्षणका लागि उपभोक्ता समूहका तर्फबाट विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइएको बताउँदै उहाँले विद्यालयस्तरीय अभियान, बासस्थान संरक्षण, कानुनी सचेतना, होर्डिङ बोर्ड स्थापना तथा सालकको मूर्ति निर्माणजस्ता विभिन्न गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

"मकवानपुरभित्र तथा अन्य स्थानमा फेला परेका सालकसमेत रानी सामुदायिक वनमा ल्याएर संरक्षण गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "विभिन्न स्थानमा फेला परेका सालक ल्याएर समूहमा बुझाउने व्यक्तिलाई समूहका तर्फबाट सम्मानसमेत गर्ने गरिएको छ ।"

अत्यन्त लजालु स्वभावको सालक विशेषगरी रातिको समयमा सक्रिय हुने गर्दछ । यसको मुख्य आहारा धमिरा र कमिला नै भएको डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख राकेशप्रसाद चन्द्रवंशीले जानकारी दिनुभयो ।

राष्ट्रिय निकुञ्ज ऐनले सालकलाई संरक्षित स्तनधारी प्राणीका रुपमा राखेको जानकारी दिँदै उहाँले सालकको संरक्षणका लागि कार्यालयले सामुदायिक वन उपभोक्तासँग मिलेर काम गरिरहेको बताउनुभयो ।

"सालकका लागि धमिरा र कमिला नै मुख्य आहारा हुने भएकाले ढढेलो सालकको जीवनयापनका लागि प्रमुख चुनौती नै हो", उहाँले भन्नुभयो, "सालकाको संरक्षणका लागि उनीहरूको बासस्थान सुनिश्चित गर्न ढढेलो लाग्न नै नदिनका लागि सबैको सक्रियता आवश्यक हुन्छ । अति लजालु, संवेदनशील एवं शान्त वातावरणमा बस्न रुचाउने सालक मानवलाई हानि नगर्ने र 'इको सिस्टम'लाई प्रभावकारी बनाउने प्राणीका रुपमा रहेको उहाँको भनाइ छ ।

सालकले एक वर्षमा सरदर सात करोड धमिरालगायत कीराफट्याङ्ग्रा खाने विज्ञहरू बताउँछन् । मकवानपुरकै हेटौंडा उपमहानगरपालिका वडा नं १७ स्थित चुच्चे खोला सामुदायिक वनले २०७६ सालदेखि निरन्तर रुपमा सालक संरक्षण गरिहेको वन उपभोक्ता समूहका अध्यक्ष केदार गौतमले बताउनुभयो ।

उहाँका अनुसार यहाँको २३८.१९ हेक्टर वनमा हाल दुई सयभन्दा बढी सालक रहेको अनुमान गरिएको छ । सुरुमा यहाँको जङ्गलमा २०५७ सालमा पहिलो पटक सालक भेटिएको थियो । त्यस्तै २०६३ मा पनि सालक भेटिएपछि यसतर्फको चासो बढेको हो ।

यहाँको सामुदायिक वन २०७६ सालमा जुलोजिकल सोसाइटी अफ लण्डनसँग जोडिएपछि औपचारिक रुपमा सालक संरक्षणका लागि समूह क्रियाशिल बनेको हो ।

वनमा विभिन्न स्थानबाट २५ सालक उद्धार गरी ल्याइएको बताउँदै उहाँले सामुदायिक वनमा विश्वमा नै दुर्लभ कालो सालक ठूलो सङ्ख्यामा पाउने गरिएको जानकारी दिनुभयो । यस जङ्गलमा तामे सालक पनि पाइने उहाँले जानकारी दिनुभयो । गौतमका अनुसार विश्वमा आठ प्रजातिका सालकमध्ये संसारमै दुर्लभ मानिएका दुई प्रजाति कालो सालक र तामे सालक नेपालमा पाइन्छ । एसियन तथा युरोपीय महाद्वीपमा चार प्रजातिका सालक पाइन्छन् । प्रायः समुन्द्री सतहदेखि दुई हजार मिटरसम्मको उचाइमा सालक पाउने गरिएको छ ।

# बिटुमिन अभावले दुई महिनादेखि काम प्रभावित

काभ्रेपलाञ्चोक । स्तरोन्नति भइरहेको अरनिको राजमार्गअन्तर्गत काभ्रेको धुलिखेल–खावा सडकखण्ड पक्की कार्य दुई महिनादेखि बन्द अवस्थामा रहेको छ ।

गत चैतमा करिब महिनाभर रातको समयमा आवागमन बन्द तथा दिउँसो एकतर्फ सञ्चालन गरेर कालोपत्र (डिबिएम–पिच)को काम गरिए पनि 'बिटुमिन' अभावका कारण बन्द अवस्थामा रहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

धुलिखेल चोकबाट दुई दशमलव पाँच किलोमिटर सडक दुवैतर्फी पहिलो चरणमा पक्की बनाइएको उक्त सडकमा वैशाखदेखि सम्पूर्ण प्रकारका यातायातका साधनलाई दुईतर्फी खुला गरिएको थियो । कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले दुई महिनादेखि 'बिटुमिन' अभावका कारण बाँकी पक्की बनाउने काम तथा पहिलो चरणमा डिबिएम–कालोपत्रे गरिए पनि 'आस्फाल' थप्ने कार्य बाँकी रहेको बताउनुभयो । उहाँका अनुसार स्तरोन्नति भइरहेको चार किमीमध्ये बाँकी दूरी (दुवैतर्फीसम्मको)पक्की गर्ने कार्य वैशाख पहिलो सातादेखि थालिने योजना बनाइए पनि कच्चा पदार्थको अभावका कारण दुई महिनादेखि काम रोकिएको हो ।

हाल यात्रालाई सहजता दिन पक्की गर्न बाँकी दूरीमा खाल्डाखुल्डी पुर्ने काम भइरहेको योगेशले बताउनुभयो । उक्त खडकखण्डको बाँकी एक दशमलव पाँच किमी बिटुमिन आयात भएपछि दोस्रो चरणमा पक्की बनाइने योगेशको भनाइ छ । ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र अस्फाल कालोपत्र गर्ने काम हुने जनाइएको हो । लामो समयसम्म निर्माण व्यवसायीको लापर्वाहीका कारण रोकिएको विस्तार कार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता कार्य गरिएपछि पुनःस्तरोन्नति कार्यलाई तीव्रता दिइएको थियो ।

# त्रिकोण क्यानभासमा उतारियो सिन्धुली कला घर

बागमती । नेपाललाई उत्कृष्ट गन्तव्यका रुपमा चिनाउने महाअभियानका साथ यात्रारत प्राज्ञ नगेन सिंह ठकुरीले बागमती प्रदेश, सिन्धुलीको कमलामाई नगरपालिका–३ स्थित राष्ट्रिय कला संग्रहालय (सिन्धुली कला घर)लाई क्यानभासमा उतार्नुभएको छ ।

स्थलगत रुपमा नै सिन्धुली कला घर पुग्नुभएका ठकुरीले कला घरलाई आफ्नो त्रिकोण क्यानभासमा उतार्नुभएको हो । सिन्धुली कला घरलाई क्यानभासमा उतार्दै उहाँले भन्नुभयो, "सिन्धुली कला घर अब केवल एउटा गन्तव्य मात्र होइन, नेपालको सम्पदालाई विश्वभर पुर्‍याउन 'नेपाल कला यात्रा'को सशक्त क्यानभास बनिसकेको छ ।" कला घरमा आयोजित कार्यक्रममा कला शिक्षक सुरज श्रेष्ठ, नृत्य शिक्षक गौरव श्रेष्ठ र सिन्धुली कला घरका परिकल्पनाकार एवम् अध्यक्ष सुमन थापा मगरलगायत स्थानीयको उपस्थिति थियो । त्यस अवसरमा स्थानीयहरूले सिन्धुलीको ऐतिहासिक गरिमा, सांस्कृतिक पहिचान र प्राकृतिक संरचना सम्बन्धमा जानकारी गराउनुभएको थियो ।

क्यानभासमा उतारिएको सिन्धुली कला घर विश्व मञ्चमा चिनिनेमा स्थानीयले विश्वास व्यक्त गरे । सिन्धुली कला घरका परिकल्पनाकार थापाले प्राज्ञ सिंहले ७७ वटै जिल्लाका धार्मिक तथा ऐतिहासिक चित्रहरु प्रत्यक्ष कोर्दै विभिन्न भाषाहरुमा अनुवाद गरी विद्यालयको पाठ्यक्रममा प्रकाशन गर्ने उद्देश्यका साथ गर्नुभएको कला यात्राको सफलताको कामना गर्नुभयो । सिन्धुलीबाट देखिने विभिन्न जिल्लासँगै गौरीशंकर हिमालको अद्भुत सौन्दर्य विश्वभर फैलिनु नै कला घरकै ठूलो उपलब्धि भएको उहाँले जानकारी गराउनुभयो ।

यस अघि ठकुरीले लुम्बिनी, सगरमाथादेखि पशुपतिनाथ, मुक्तिनाथ तथा राष्ट्रिय निकुञ्जसम्मका थुप्रै सम्पदाहरू विश्वसामु कलामार्फत चिनाइसक्नुभएको छ । ७७ वटै जिल्लाका कम्तीमा तीन/तीन वटा धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा त्रिकोण क्यानभासमा उतारेर 'नेपाल कला यात्रा' पुस्तकको दोस्रो संस्करण तयारी गरिएको ठकुरीले जानकारी दिनुभयो ।

उक्त कृतिलाई एक सय ९७ भाषामा अनुवाद गरी विश्वभरका विश्वविद्यालय र पुस्तकालयमा पठाइने बताउनुभयो ।

## नेपाल विश्वविद्यालयद्वारा शैक्षिक कार्यक्रम सञ्चालन

काठमाडौँ । नवस्थापित स्वायत्त, सार्वजनिक र गैह्रनाफामूलक 'नेपाल विश्वविद्यालय'ले पहिलोपटक स्नातकोत्तर र स्नातक तह अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन आरम्भ गरेको छ ।

बहुविधात्मक अवधारणामा आधारित सो विश्वविद्यालयले लिवरल आर्टस् र साइन्सेस अवधारणामा आधारित रहेर अनुसन्धानमुखी केन्द्रका रुपमा विकसित भई बहुआयामिक, रोजगारमूलक र समयसापेक्ष शिक्षा प्रदान गर्ने लक्ष्यका साथ शैक्षिक कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

नागरिक चेतना र सकारात्मक जीवनदृष्टि सहितको जिम्मेवार, क्षमतावान, सिर्जनशील र उद्यमशील पुस्ता विकास गर्ने लक्ष्य लिएको सो विश्वविद्यालयले आज सरोकार भएका पक्षसँग अन्तर्क्रिया गरेर आफ्नो स्थापनाको लक्ष्य र अवधारणा सार्वजनिक गरेको छ ।

विश्वविद्यालयले शैक्षिक सत्र २०८३/८४ का लागि स्कुल अफ आर्टस्, साइन्स र प्रविविध संकायमा विभिन्न विषयमा भर्ना सुरु भएको जनाएको हो । समकालीन विश्वका उच्चशिक्षा प्रणाली सम्बन्धी आधारभूत सिद्धान्त र नवीन मान्यतालाई आत्मसात् गर्दै बेलै ऐनद्वारा मानक विश्वविद्यालयका रुपमा स्थापित सो विश्वविद्यालयले स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम सुरु गरिसकेको छ भने हालै स्नातक तहमा आवेदन खुल्ला गरेको छ । स्नातक तहका लागि आगामी साउन ४ गतेका लागि प्रवेश परीक्षा तय गरिएको र आगामी भदौ १६ गतेबाट कक्षा सञ्चालन गरिने जनाइएको छ ।

विश्वविद्यालयका उपकुलपति डा अर्जुन कार्कीले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीप र रोजगार मूलक एवं जनमुखी बनाउँदै सक्षम जनशक्ति उत्पादन गर्न आफूहरुको वकालतका आधारमा सो विश्वविद्यालय खुल्न सफल भएको बताउनुभयो । प्रतिभाहरुलाई पलायन हुन नदिइ मुलुकभित्रै सेवा गर्ने अवसरका लागि उचित वातावरण दिन आफूहरुले प्रयास गर्ने उहाँले बताउनुभयो । विशवविद्यालयका रजिष्ट्रार डा सूर्यराज आचार्यले विश्वविद्यालयले समुन्नत राष्ट्र निर्माणका लागि आवश्यक पर्ने विविध क्षेत्रका भावी नेतृत्व, विचारक, विज्ञ, पेसाकर्मी, उद्यमीलगायत परिवर्तनका संवाकहरु तयार गर्दै उच्चशिक्षाको उत्कृष्ठता केन्द्र, बन्ने लक्ष्यसहित विद्यार्थीको रुचिअनुसार विषय छनोटमा लचिलोपना, अन्तरविधात्मक, अध्ययनको प्रवर्द्धन, विद्यार्थीकेन्द्रित शिक्षण प्रक्रिया तथा नवप्रवर्तन र उद्यमशीलतालाई केन्द्रमा राखेर स्नातक तहको भर्ना खुलाइएको जनाउनुभयो । विश्वविद्यालयले अनुसन्धानमुखी, परियोजना आधारित, समस्या आधारित, मुद्धा आधारित शिक्षण पद्धति बहुआयामिक एवं भविष्यका चुनौतीका समाधान गर्न समर्थ भावी पुस्ता निर्माण गर्ने उद्देश्य राखिएको प्रा आनन्द शर्माले जानकारी दिनुभयो । विश्वविद्यालयले विभिन्न पाँच प्रकारका क्षेणीका छात्रवृत्तिहरु पनि व्यवस्था गरेको छ ।

छलफल कार्यक्रममा गोल्डेन गेट इन्टरनेशन कलेजका प्रमुख कार्यकारी अधिकृत रमेशकुमार सिलवाल, निस्ट कलेजका अध्यक्ष डा माधव बराल, जेम्स स्कुलका ए लेभलका प्रमुख माधव न्यौपाने, शिक्षा विकास तथा समन्वय एकाइ, काठमाडौँको प्रमुख सुरेशकुमार जोशी, नेशनल प्याब्सनका अध्यक्ष सुवास न्यौपाने, किटनी स्कुलका प्रधानाध्याक दिनेश थापा, शिक्षा पत्रकार सुदर्शन घिमिरेलगायतले नवस्थापित विश्वविद्यालयले विश्वस्तरको शिक्षा दिन र विश्वका विद्यार्थीलाई नेपालमा ल्याउन योगदान दिन सक्ने अपेक्षा व्यक्त गर्नुभयो ।

## हेलो गृह कल सेन्टर सञ्चालनमा

काठमाडौँ । गृहमन्त्रालयले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित गुनासो,उजुरी तथा सुझाव सङ्कलन गर्नका लागि हेलो गृह कल सेन्टर सञ्चालनमा ल्याएको छ ।

गृहमन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले गृहमन्त्रालयको कार्यसम्पादनलाई थप प्रभावकारी,पारदर्शी, तथा चुस्त बनाउनको लागि मन्त्रालयको गुनासो व्यवस्थापन शाखा अन्तर्गत हेलो गृह कल सेन्टर सञ्चालनमा ल्याएको समेत जानकारी दिनुभएको थियो ।

गृहमन्त्रालयका अनुसार गुनासो, उजुरी तथा सुझावहरु टोल फ्रि नम्बर ११११२, इमेलमा gunaso@moha. gov.np र ह्वाट्एप्प मोबाइल नम्बर ९८५१३६०६०३ मा गर्न सकिने जनाएको छ ।

## नेपालमा ढिला प्रवेश भयो मनसुन

काठमाडौँ । नेपालमा यसवर्षको मनसुन औसत मितिभन्दा ६ दिन ढिला गरी प्रवेश गरेको छ ।

जल तथा मौसम विज्ञान विभाग का मौसमविद् सरोज पुडासैनीले सरदर मिति जुन १३ तारिखमा मनसुन प्रवेश गर्ने भए पनि यस वर्षको मनसुन आज असार ५ गते (जुन १९) मा औसत मितिभन्दा ६ दिन ढिला गरी प्रवेश गरेको जानकारी दिनुभयो । उहाँका अनुसार कोशी प्रदेशका केही भूभागमा पूवेश गरेको मनसुन अहिले निकै कमजोर रहेको छ । देशभर मनसुन फैलिन भने समय लाग्ने बताइएको छ ।

सन् १९७४ मा पनि आजकै दिन नेपालमा मनसुन प्रवेश गरेको थियो भने सन् १९८२ मा सबैभन्दा ढिलो, जुन २७ मा मनसुन आगमन भएको थियो । सन् १९८१ यता अभिलेख गरिएको मनसुनी वर्षाको विवरण अनुसार सबैभन्दा कम वर्षा सन् २०१५ मा ११६९ मिलिलिटर मात्र भएको थियो ।

नेपालमा मनसुन ऋतुमा औसत १३८२ मिलिलिटर वर्षा हुने गर्दछ । गत वर्ष भने मनसुन १५ दिनअघि नै प्रवेश गरेको थियो । यसपालि प्रि मनसुमा धेरै वर्षा भएको छ । मनसुनमा कम वर्षा हुने र गर्मी बढी हुने आकलन गरिएको छ ।

## मुस्ताङबाट भित्रिएका विद्युतीय सवारीसाधन नियमसंगत, रसुवाकोमा कैफियत

काठमाडौँ । मुस्ताङबाट भित्रिएका विद्युतीय सवारीसाधन नियमसंगत भएको र रसुवाका भित्रिएका सवारीसाधनको जाँचपास प्रक्रियामा भने कैफियत भेटिएको छ । भन्सार विभागद्वारा शुक्रबार जारी विज्ञप्तिमा मुस्ताङ भन्सार कार्यालयमा खटिएको अनुगमन टोलीले ६४९ वटा विद्युतीय सवारीसाधन नियमसंगत भित्रिएको प्रतिवेदन दिएको जनाएको छ । ती सवारी साधन गत जेठ १४ गते नेपाल प्रवेश गरेको थियो ।

अनुगमन टोलीले आधिकारिक अभिलेख तथा सिसीटीभी फुटेजको विस्तृत अध्ययन एवं विश्लेषण गर्दा ती सवारीसाधन जेठ १४ गतेभित्रै नेपाल प्रवेश गरिसकेको र सोही मितिसम्म भन्सार कार्यालयबाट नियमानुसार जाँचपास भइसकेको निष्कर्ष निकालेको विभागका सूचना अधिकारी किशोर बर्तौलाले जानकारी दिनुभयो ।

त्यस्तै रसुवा भन्सार कार्यालयबाट विद्युतीय सवारीसाधनको भन्सार जाँचपास गर्ने क्रममा कर्मचारीबाट पर्याप्त सावधानी तथा पदीय जिम्मेवारी पूरा गरेको नदेखिएको सो कार्यालयमा गएको अनुगमन टोलीले औंल्याएको छ । सो टोलीले प्रज्ञापनपत्र कार्यालयको अभिलेखलगायतका विषयमा स्थलगत अध्ययन गर्दा कतिपय सवारी साधन भन्सारमा भौतिक रूपमा आइ नपुग्दै कागजातका आधारमा मात्र जाँचपास गरिएको कैफियत फेला पारेको छ ।

अर्थ मन्त्रालय र भन्सार विभागले रसुवा भन्सार कार्यालयका कार्यमा संलग्न तत्कालीन कार्यालय प्रमुखसहित १३ जना कर्मचारीलाई तत्काल निलम्बन गरी विभागीय कारबाहीको प्रक्रिया अघि बढाइएको थियो । भन्सार विभागले लक्ष्मी इमोबिलिटी प्रालि काठमाडौं, साइमेक्स इन्क लिमिटेड, काठमाडौं, सिजी मोटर्स प्रालि ललितपुर, पूजा इन्टरनेसनल प्रालि काठमाडौं र एजेन्ट नम्बर ८३३ र एजेन्ट नम्बर ४७८ लगायतका भन्सार जाँचपास प्रतिनिधिहरूलाई प्रचलित भन्सार कानुनबमोजिम कारबाहीका लागि रसुवा भन्सार कार्यालयमा लेखी पठाइएको बताइएको छ ।

## संघीयता कार्यान्वयन गर्न बजेटको प्रभावकारितामाथि जोड

महेन्द्रनगर । मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले सङ्घीय शासन प्रणालीलाई प्रभावकारी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबीच वित्तीय समन्वय तथा स्रोतसाधनको न्यायोचित बाँडफाँट आवश्यक रहेको बताउनुभएको छ ।

जनकपुरधाममा शुक्रबार सङ्घीयता अध्ययन केन्द्र, मधेस विश्व-विद्यालय वीरगञ्ज र फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर, ललितपुरद्वारा आयोजित 'सङ्घीयताको कसीमा नेपाल सरकार र मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट' विषयक छलफल कार्यक्रममा प्रदेश अर्थमन्त्री भट्टराईले सङ्घीयताको सफल कार्या-न्वयनका लागि बजेट कार्यान्वयनको प्रभावकारिता, वित्तीय अनुशासन र अन्तरसरकारी सहकार्यलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले मधेस प्रदेश सरकारले सीमित स्रोत साधनका बाबजुद कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको उल्लेख गर्दै बजेटको सफल कार्यान्वयनबाट मात्रै नागरिकले सङ्घीयताको वास्तविक अनुभूति गर्न सक्ने बताउनुभयो ।

मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले सङ्घीयताको मर्मअनुसार प्रदेशलाई अधिकार, स्रोतसाधन पर्याप्त हस्तान्तरण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल गर्न चुनौती रहेको धारणा राख्नुभयो । उहाँले सङ्घीय शासन व्यवस्थालाई बलियो बनाउन प्रदेशको वित्तीय स्वायत्तता सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याउनु भयो ।

पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले संविधानले परिकल्पना गरेको सङ्घीय संरचनालाई व्यवहारमा पूर्णरूपमा कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच विश्वास, समन्वय तथा सहकार्य अपरिहार्य रहेको बताउनुभयो । उहाँले बजेट निर्माण र कार्यान्वयन प्रक्रियालाई थप उत्तरदायी, पारदर्शी तथा जनमुखी बनाउनु पर्नेमा जोड दिनुभयो ।

प्रदेशसभा सदस्य अनिता साहले बजेटमा महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायको सशक्तीकरण, सामाजिक न्याय र समावेशी विकासलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । उहाँले विकासका प्रतिफल सबै वर्ग र समुदायसम्म समान रूपमा पुग्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले प्रदेशको दीर्घकालीन विकास लक्ष्य हासिल गर्न नीति, योजना र बजेटबीच प्रभावकारी तादात्म्य आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले उपलब्ध स्रोतको उच्चतम उपयोग गर्दै परिणाममुखी विकासमा केन्द्रित हुनुपर्ने बताउनुभयो ।


# अँधेरी भष्मे सामुदायिक वन उपभोक्ता समूह

**ज्वालमूखी गा.पा. वडा नं. १, धादिङ**

**वन पैदावार लिलाम विक्री सम्वन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३/०३/०६

यस अँधेरी भष्मे सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८२/०८३ मा वार्षिक स्वीकृत कार्ययोजना अनुसार कटान मुछान गरी उत्पादन भएको साल जातको चिरान काठ यस समूहको निर्णय तथा डिभिजन वन कार्यालय धादिङको च.नं २४०३ मिति २०८३/०३/०५ को लिलाम बिक्री सहमती अनुसार ज्वालामूखी गा.पा वडा नं. १, धादिङमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार (चिरान काठ) हरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटक यो सुचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई जुनसुकै डिभिजन वन कार्यालयहरूमा वन नियामावली, २०७९ बमोजिम सूचीकृत भएका इच्छुक फर्म, सःमिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र जिल्ला डिभिजन वन कार्यालय धादिङ वा यस समूहबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस अँधेरी भष्मे सामुदायिक वन उपभोक्ता समूह, ज्वालामूखी गा.पा. वडा नं. १, धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्नु हुन अनुरोध छ ।

तपसिल

| जात | किसिम | थान | परिमाण (क्यु.फि.) | न्यूनतम मूल्य रू. (गोलियामा परिणत गर्दा) | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| साल | चिरान | २०८ | ३६६.४३ | ६,४१,२५२।५० | नियामनुसार | |

थप जानकारीको लागि बाबुराम पुरी अध्यक्ष, अँधेरी भष्मे सा.व.उ.स

सम्पर्क नं. ९८१८२४६४५२


## सामूहिक आवासका लागि पाँच करोड विनियोजन

काठमाडौँ । काठमाडौँ महानगरपालिकाले सामूहिक आवास निर्माणका लागि बहुवर्षीय योजनाअन्तर्गत निर्माणको पहिलो वर्षका लागि रु पाँच करोड बजेट विनियोजन गरेको छ ।

महानगरको १९औं अधिवेशन अन्तर्गत तेस्रो बैठकमा कार्यवाहक प्रमुख सुनिता डङ्गोलले वार्षिक आयव्ययको अनुमानित विवरण (बजेट) पेस गरिएको जानकारी गराउनुभएको हो । ज्येष्ठ नागरिक निमोनिया खोपका लागि रु एक करोड विनियोजन गरिएको छ । विश्वविद्यालय स्थापनाका लागि कानुनी तथा आवश्यक व्यवस्थापकीय कार्य प्रारम्भ गर्न रु ५० लाख प्रस्ताव गरिएको छ । नगर-नगर साझेदारी कार्यक्रम गर्न बजेटको प्रस्ताव गरिएको छ । महानगर पालिकाले रात्रिकालीन यातायात सेवा सञ्चालनलाई निरन्तरता दिने भएको छ । मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३, बढ्दो तापक्रमको प्रभाव न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्न बजेट प्रस्ताव गरिएको छ । नदी किनार तथा सार्वजनिक जग्गा संरक्षण गर्न तथा उद्यान निर्माण गर्न, चराचुरुङ्गीका लागि पानीपात्र निर्माण गर्ने विषय बजेटको प्रस्तावमा परेको छ ।

प्लास्टिक झोलामुक्त काठमाडौँका लागि वैकल्पिक झोला अभियान सञ्चालन गर्न नगरसभामा प्रस्ताव गरिएको छ । महानगरपालिकाले सञ्चित कोषमा व्ययभार पर्ने रु २५ अर्ब १३ करोड ३० लाख ५५ हजार र बाह्य व्यय भार हुने रु ७५ करोड समेत गरी रु २५ अर्ब ८८ करोड ३० लाख ५५ हजार बजेट प्रस्ताव नगर सभामा पेश गरेको छ ।

सञ्चित कोषमा जम्मा हुने रकममध्ये आन्तरिक आय र बैंक मौज्दातबाट रु २० अर्ब १८ करोड ६३ लाख २९ हजार स्रोत व्यवस्थापन हुने अनुमान गरिएको छ । बैठकमा रु चार अर्ब ९३ करोड ६७ लाख २६ हजार नेपाल सरकार तथा प्रदेश सरकारबाट सशर्त, समानीकरण, राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुदान अनुमान गरिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com